# हरिवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# हरिवन सर्लाही

## बजार ठेक्का सम्वन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७५।०५।२०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ ञ (२) वमोजिम हरिवन नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमका आन्तरिक श्रोत तर्फको आय, कर, शुल्क, दस्तुर, हरिवन नगरपालिकाबाट स्वीकृत दर रेटमा आ.व. २०७५/०७६ का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट आफ्नो फर्म नवीकरण भएको प्रमाण-पत्र,मूल्य अभिवृद्धि कर तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरू सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा वोलपत्र फाराम यस कार्यालयवाट खरिद गरी रित पूर्वकको गोप्य शिलबन्दी बोलपत्र तेस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र पेश गर्न सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्काको किसिम | वजार लाग्ने क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | डावरी वजार | हरिवन-३ डावरी वजार | २५,५००।०० | १०००।- | |
| २ | नयाँ तरकारी वजार | हरिवन-१० नयाँरोड | १,२०,०००।०० | १०००।- | |

**शर्तहरू**

१. ठेक्का अवधि सम्झौता मिति देखि २०७६ आषाढ मसान्त सम्म हुनेछ ।

२. आफुले कवोल गरेको अंकको ५% धरौटी ने.वै.लि. हरिवन शाखा स्थित खाता नम्बर १३२०३००००००००३००००१ मा जम्मा गरी सो को अर्धकट्टी सक्कलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

३. बोलपत्रदाताले आफूले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्रदाता स्वयमले व्यहोर्नुपर्नेछ ।

५. स्वीकृत बोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम ३ (तीन) किस्तामा बुझाउन सक्नेछ । यसरी बुझाउने किस्ताहरू ठेक्का पट्टाको सम्झौता गर्दा पहिलो किस्तामा ४०% नगद बुझाउनु पर्नेछ । दोश्रो किस्ता पौष मसान्त भित्र ३०% र तेश्रो किस्ता चैत्र मसान्त भित्र ३०% जम्मा ६०% किस्ता रकम वरावरको २०७६ साल श्रावण मसान्त सम्म १३ महिना म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाँणिज्य बैंक,नेपाल बैंक,कृषि विकास बैंक (वित्तिय संस्था, फाईनान्स, कम्पनी, सहकारी वित्तिय संस्थाहरू वाहेक) को कार्य सम्पादन जमानत सम्झौता गर्दा नै पेश गर्नु पर्नेछ । उक्त जमानत पेश नगरेमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ । स्वीकृत बोलपत्र दाताले कवोल गरेको कुल रकम एकमुष्ट बुझाउन चाहेमा नियमानुसार १०% छुट दिईनेछ ।

६. हरिवन नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरू तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्ता व्यक्तिहरूको नाउमा ठेक्का स्वीकृती हुने छैन ।

७. बोलपत्र स्वीकृती भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र बोलपत्र दाताले सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटी रकम जफत गरिनेछ ।

८. जुन व्यक्ति वा फर्मको नाउँबाट बोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नाउँबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नाउँबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदिबाट पठाएको बोल पत्र स्वीकार्य हुने छैन । शिलबन्दी खाममा कुन कुन ठेक्काको लागि बोलपत्र दाखिला गरेको हो स्पष्ट रूपले खुलाउनु पर्नेछ । साथै बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रूपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

९. दर्ता हुन आएको बोल पत्रहरू स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र फाराम २०७५ भदौ २६ गते कार्यालय समयभित्र हरिवन नगरपालिका कार्यालयबाट खरिद गरी भदौ २७ गते १२:०० वजे भित्र हरिवन नगरपालिका कार्यालय सर्लाहीमा दर्ता गराउनु पर्नेछ र सोही दिनको २:०० वजे वोलपत्र खोल्ने कार्य हुनेछ । वोल पत्र फाराम दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

११. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**